का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ असोज २०८०,
मंगलबार
10 October 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २५७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ...जलिरहेछ मन

**प्यालेस्टाइनी अतिवादी समूह हमासको आक्रमणमा परी १० नेपालीको मृत्यु भएकोमा सरकारले राष्ट्रिय शोक घोषणा गरेको छ। तर इजरायलमा युद्ध चर्किरहँदा त्यहाँ रहेका झण्डै पाँच हजार नेपालीका आफन्त पीरमा छन्, नेपाल सरकारले उद्धारबारे कुनै ठोस् निर्णय गर्न सकेको छैन।**



इजरायलमा हमास समूहले शनिबार गरेको आक्रमणमा परी दिवंगत भएका नेपाली विद्यार्थीहरुप्रति श्रद्धाञ्जलीसहित उनीहरुको सम्झनामा सोमबार काठमाडौंमा आयोजना गरिएको दीप प्रज्वलनमा सहभागीहरु । तस्बिर : किरणराज विष्ट/रासस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ असोज

सुनसरीको बराहक्षेत्र नगरपालिका-११ का राजेशकुमार स्वर्णकार २८ दिन अगाडि मात्रै इजरायलको गाजा क्षेत्र पुगेका थिए । कृषि अध्ययनपछि उनी इन्टर्नसिप गर्न त्यहाँ पुगेका थिए । सुदूरपश्चिम विश्वविद्यालयमा कृषि पढेका राजेश गाजा क्षेत्र पुग्नुको उद्देश्य भने पैसा कमाउँदै सिक्ने थियो ।

इजरायल पुगेपछि राजेशले दाजुसँग केही पटक सम्वाद गरेका थिए । केही पैसा पनि कमाएर देश फर्कने उनले परिवारलाई बताएका थिए । तर शनिबार प्यालेस्टानी समूह हमासको आक्रमणमा परी राजेशले ज्यान गुमाए ।

हमासले गाजा क्षेत्रमा आक्रमण गरेको समाचार देखेपछि परिवारका सदस्यहरुले राजेशलाई लगातार सम्पर्कको प्रयास गरेका थिए। तर उनी सम्पर्कमा आएनन्। बरु आइतबार परराष्ट्र मन्त्रालयले हमासको आक्रमणमा परी राजेशको ज्यान गएको पुष्टि गरिदियो ।

कृषि विज्ञान संकायतर्फ बीएस्सी पहिलो समेस्टर गरेका उनी एघार महिने इन्टर्नसिप गर्न इजरायल गएका थिए । त्यहाँ पुगेपछि राजेशलाई द्वन्द्वग्रस्त गाजा क्षेत्रमा पठाइयो । उनीपनि अरु नेपाली साथीहरुसँगै त्यहाँ गएका थिए । तर अरु दश नेपाली युवासँगै उनको पनि ज्यान गएको छ ।

निम्न मध्यम परिवारका राजेशको गाजा क्षेत्रमा निधन भएपछि अहिले उनको परिवार आँशुमा डुबेको छ। शुरुमा अष्ट्रेलिया जाने तयारी गरेका राजेशले पछि इजरायल जाने निर्णय लिएका थिए । अहिले सरकारले राजेशको शव नेपाल ल्याउने पहल गरिरहेको छ ।

सरकार इजरायलमा १० विद्यार्थीको मृत्यु भएपछि राष्ट्रिय शोक घोषणा गरेको छ । तर अझै गाजा क्षेत्रमा फसेका नेपालीहरुको उद्धार हुन सकिरहेको छैन। सरकारी अधिकारीहरुका अनुसार, सोमबार साँझसम्म २०० नेपालीले स्वदेश फर्कने इच्छा जनाएका छन् । तर उनीहरुलाई नेपाल फर्काउनेबारे कुनै निर्णय हुन सकेको छैन ।

यस्तो बेला इजरायलमा रहेका नेपालीका आफन्त चिन्तामा परेका छन्। २५० विद्यार्थीसहित चार हजार पाँच सय नेपाली इजरायलमा छन्। तर इजरायल सरकारले युद्धको घोषणासहित प्यालेस्टानी समूह हमाससँग युद्ध चलिरहँदा त्यसको पीर नेपालका आफन्तलाई परिरहेको छ।

राष्ट्रिय शोक

हमास समूहको आक्रमणमा परी १० नेपालीको मृत्यु भएकोमा सरकारले राष्ट्रिय शोक घोषणा गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले आज, मंगलबार राष्ट्रिय शोकको घोषणा गरेको हो ।

आज देशभरका सरकारी कार्यालय र विदेशस्थित कूटनीतिक नियोगको राष्ट्रिय झण्डा आधा झुकाउने भएको छ । मन्त्रिपरिषद्ले हमास समूहको आक्रमणमा परी ज्यान गुमाउने नेपालीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारमा समवेदना पनि प्रकट गरेको छ ।

सरकारले इजरायलमा रहेका अन्य नेपालीहरुको सन्दर्भमा उद्धारको »» पृष्ठ २ मा

# विद्यार्थीलाई प्रधानमन्त्रीको फोन

इजरायलको सेदोत नेगेभस्थित बंकरमा रहेका नेपाली विद्यार्थीसँग प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र परराष्ट्रमन्त्री एनपी साउदले फोन संवाद गरेका छन् ।

बंकरमा रहेका दाङ नारायणपुरका विपिन सुवेदीले बताए अनुसार प्रधानमन्त्री प्रचण्डले सुरक्षित बस्न आग्रह गरे । सरकारले सक्दो छिटो उद्धारका लागि सबै प्रयास गरिरहेको भन्दै तयारी अवस्थामा बस्न पनि प्रधानमन्त्रीले भने । प्रधानमन्त्रीले भनेका छन्, 'सक्दो छिटो उद्धारका लागि प्रयास भएको छ, धैर्य गर्दै सुरक्षित बस्नुहोस् ।'

प्रधानमन्त्रीलाई विपिन र साथीहरुले आफूहरुलाई यो बेला शीघ्र नेपाल फर्कने चाहना बाहेक अरु केही नचाहिएको भन्दै सरकारसमक्ष भनेका छन् । प्रधानमन्त्रीले इजरायल सरकारको अनुमति पाउनेबित्तिकै उडाउनका लागि विमान तयारी हालतमा राखिएको भन्दै धैर्य गर्न आग्रह गरे। प्रचण्डभन्दा अघि बोलेका परराष्ट्रमन्त्री एनपी साउदले इजरायल दूतावासका कर्मचारी सहित सुरक्षाकमीबाट उद्धार हुने आश्वासन दिए। दूतावासले एनआरएन प्रतिनिधिसहित उद्धार पहल गरिरहेको उनले बताए ।

## वैदेशिक रोजगार विशेष

# नेपाल र जर्मनीबीच आज श्रम समझदारी हुँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असोज

नेपाल र जर्मनीबीच मंगलबार श्रम समझदारी हुने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव राजीव पोखरेलले अक्टोबर १० अर्थात मंगलबार नेपालले जर्मनीसँग श्रम समझदारी पत्रमा हस्ताक्षर गर्न लागेको जनाकारी दिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी नेतृत्वको नेपाली प्रतिनिधिमण्डल जर्मनी पुगिसकेको छ । नेपाली प्रतिनिधिमण्डलले सोमबार बर्लिनस्थित नेपाली दूतावासमा अन्तर्राष्ट्रिय श्रम संगठन बर्लिन ब्यूरोका निर्देशक डा. आन्नेट्टे नेइडेरफ्रान्केसँग शिष्टाचार भेटवार्ता गरेको छ ।

यसक्रममा मर्यादित एवम् सुरक्षित श्रम आप्रवासन र नेपाली कामदारलाई जर्मनीमा सामाजिक सुरक्षाका लागि सहकार्य गर्ने बारेमा छलफल भएको श्रम मन्त्रालयले जनाएको छ। नेपालले रोमानियासँग गत शुक्रबार मात्र »» पृष्ठ २ मा

## नेल्सन मण्डेला लिडरसिप अवार्ड विजेता ढुंगेललाई व्यवसायीको सम्मान



**काठमाडौं/मस-** नेल्सन मण्डेला लिडरसिप अवार्ड २०२३ बाट पुरस्कृत डमरू ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक मोहन कुमार ढुंगेल र नेपाल मुस्लिम संघका »» पृष्ठ २ मा

# सडकमा स्थानीय तहका कर्मचारी

संघीय निजामती विधेयक दर्ताको प्रक्रियामा रहेका बेला स्थानीय तहका कर्मचारी विभिन्न माग राखेर सडक प्रदर्शनमा उत्रिएका छन् । उनीहरुको माग सम्बोधन गर्ने सरकारको आश्वासन विधेयकमा आउनुपर्ने कर्मचारीहरुको अडान छ ।



> गाउँपालिकाहरूमा समस्या देखिन थालिसकेको छ । विकट गाउँबाट सेवा लिन आउने जनताले कर्मचारी नभेट्दा पुरै दिन खेर जान्छ ।
>
> **लक्ष्मीदेवी पाण्डे**
> *अध्यक्ष*
> *गाउँपालिका राष्ट्रिय महासंघ*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ असोज

स्थानीय तहका कर्मचारीहरु आन्दोलित भएका छन् । संघीय निजामती विधेयक दर्ताको प्रक्रियामा रहेका बेला स्थानीय तहका कर्मचारीहरु बिभिन्न माग राखेर सडक प्रदर्शनमा उत्रिएका हुन् । उनीहरुको माग सम्बोधन गर्ने सरकारको आश्वास विधेयकमा आउनुपर्ने कर्मचारीहरुको अडान छ ।

सडक आन्दोलनका क्रममा सोमबार कर्मचारी र प्रहरीबीच समान्य झडप समेत भएको छ । कर्मचारीहरुले आन्दोलनका क्रममा नयाँ बानेश्वरमा निषेधित क्षेत्र तोड्न खोज्दा प्रहरीसँग झडप भएको हो । प्रहरीले पानीको फोहोरा प्रहार गरेर आनदोलनकारीहरुलाई तितरबितर पारेको छ। कर्मचारीहरुले पनि प्रहरीमाथि ढुंगा प्रहार गरेका थिए ।



# हरेक पसलमा मूल्यसूची राख्न समितिको निर्देशन

**काठमाडौं/मस–** सार्वजनिक लेखा समितिले हरेक पसलमा मूल्यसूची राख्न र अनिवार्यरुपमा बीलबिजक जारी गर्ने व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिएको छ ।

समितिको सोमबार बसेको बैठकले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई हरेक स्थानीय तहमा सहुलियत मूल्य पसल खोल्ने व्यवस्था मिलाउन पनि निर्देशन दिएको छ । साथै समितिको निर्देशन कार्यान्वयन भए वा नभएको प्रगति विवरण एक महिनाभित्र समितिलाई उपलब्ध गराउन पनि आजको बैठकले निर्देशन दिएको छ । निर्देशन परिपालना भए नभएको सम्बन्धमा समितिबाट पनि अनुगमन र मूल्यांकन हुने समितिको भनाइ छ ।

समितिले गैरकानुनी तरिकाले खुला सीमामार्फत भित्रिने चिनीलगायतका अन्य सम्पूर्ण वस्तुलाई नियन्त्रण गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्न पनि निर्देशन दिएको छ । साथै वस्तु तथा सेवाको गुणस्तर र बजारमूल्यको नियमित अनुगमन गर्न/गराउन, गैरकानुनी काम गर्नेलाई तत्काल कानुनबमोजिम कारबाही



गर्न, विभिन्न वस्तु आयात गर्दा हुने गरेको गैर कानुनी पुँजी पलायनलाई तत्काल नियन्त्रण गर्न, आयात गर्दा गरिने न्यून बिजकीकरणको अनुगमन गरी नियन्त्रण गर्न गराउन पनि समितिले निर्देश गरेको छ ।

समितिले कालोबजारी र सिन्डिकेट तथा उच्च मूल्यवृद्धिबाट उपभोक्तालाई राहत दिन प्रत्येक स्थानीय निकायमा अनिवार्य कम्तीमा एउटा सुपथ मूल्य पसल सञ्चालन गर्नेगरी आवश्यक समन्वय गर्न र सोको सेवा प्रवाहको अवस्था अनुगमन मूल्यांकनका लागि आवश्यक संयन्त्र निर्माण गर्न पनि सरकारलाई निर्देशन दिएको छ ।

ग्यास उद्योगले होटललगायत औद्योगिक प्रयोजनको लागि ५० केजी र चार सय ५० केजीका सिलिन्डर बिक्री वितरण गरेको विषयमा केकस्तो भएको हो ? स्पष्ट पार्न पत्राचार गरेकामा हालसम्म जानकारी नगराएकाले तीन दिनभित्र सो सम्बन्धमा भए गरेका कामकारबाहीका कागजातसहितको विवरण समितिलाई उपलब्ध गराउन समितिले निर्देशन दिएको छ । त्यसैगरी यस्तो गैरकानुनी कार्यलाई तत्काल रोक लगाई गैरकानुनी कार्य गर्ने ग्यास उद्योगलाई कायम गर्न समितिले सरकारलाई निर्देशन दिएको छ ।

'अत्यावश्यक खाद्यान्नलगायतका ग्यास, पेट्रोलियम पदार्थ भण्डारणको अवस्था विगतदेखि नै कमजोर छ । यस विषयमा विगतदेखि नै संसदीय समितिले विषय उठान गरे पनि परिणामुखी कार्यसम्पादन हुन सकेको देखिँदैन । भण्डारणका सम्बन्धमा हालसम्म भएका कामको विवरण र भावी कार्ययोजना के छ भन्ने विषयमा सात दिनभित्र समितिलाई उपलब्ध गराउन समिति नेपाल सरकार उद्योग, तथा आपूर्ति मन्त्रालय र मातहतका निकायलाई निर्देश गर्दछ', समितिको निर्देशनमा भनिएको छ ।

समयमा टेन्डर नगर्ने, अरु निकायलाई दोष दिने प्रवृत्तिलाई अन्त्य गरी आफ्नो कार्यक्षेत्रभित्रको विषयमा जवाफदेही बन्न जिम्मेवारी पन्छाउने काम नगर्न र नगराउन साथै नागरिकको हकअधिकारप्रति सचेत भई कार्यसम्पादन गर्न र सार्वजनिक उत्तरदायित्वको विषयलाई आत्मसात गरी कार्यसम्पादन गर्न समितिले निर्देशन दिएको छ ।

# जिल्ला अदालत काठमाडौंमा पारिवारिक इजलास शुरु



**काठमाडौं/मस–** जिल्ला अदालत काठमाडौंमा सोमबारदेखि पारिवारिक इजलास शुरु भएको छ । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले पारिवारिक इजलासको शुभारम्भ गरेका हुन् ।

प्रधानन्यायाधीश श्रेष्ठले आफू प्रधानन्यायाधीश बन्दै गर्दा संसदीय सुनुवाइमै जिल्ला अदालत काठमाडौंमा पारिवारिक इजलासको शुरुवात गर्ने र आवश्यकता अन्य अदालतमा विस्तार गर्ने योजना अघि सारेअनुसार नै इजलास गठन शुरु गरिएको बताए ।

'न्यायिक इतिहासमा पहिलो पटक पारिवारिक इजलास शुरुवात गरिएको छ', उनले भने, 'यो इजलासमा बालबालिका र महिलावादी मुद्दाको छिटोछरितो रूपमा न्याय निरूपण हुनेछ ।' उनले इजलास सफल बनाउन सबैको सहयोग आवश्यक रहेको बताए ।

प्रधानन्यायाधीश श्रेष्ठले महिलाले अंश पाउने मुद्दामा इजलासले द्रुत सेवा दिने र यो इजलास आगामी दिनमा भक्तपुर र ललितपुरमा विस्तार गरिने जानकारी दिए । शुरुमा नियमितरूपमा दुई वटा इजलास सञ्चालन हुने उनको भनाइ छ । न्यायपालिकाको चौँथो पञ्चवर्षीय रणनीतिक योजनाअनुसार न्यायमा पहुँच सुनिश्चित गर्न, छिटोछरितो तथा गुणस्तरीय न्याय सम्पादन गर्न र न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धिका लाग उक्त इजलास गठन गरिएको हो ।

प्रधानन्यायाधीश श्रेष्ठको कार्ययोजनाको अवधारणा र कार्ययोजना अनुरूप सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समितिको निर्णयानुसार परिवारिक इजलासबाट हाललाई अंश, नाता कायम, घरेलु हिंसा र बालबालिकाको संरक्षक भई दायर भएका अंश, विशेष हेरचाहलगायत बालबालिकाको हितसँग सम्बन्धित देवानी प्रकृतिका मुद्दाको सुनुवाइ हुनेछ ।

## ...जलिरहेछ...

कार्य अगाडि बढाएको छ । राजनीतिक दलहरुले पनि सरकारलाई इजरायलमा रहेका नेपालीलाई सुरक्षित स्थलमा लैजाने गरी उद्धारमा गम्भीर भएर लाग्न सुझाव दिएका छन् ।

स्वदेश फर्किन चाहानेहरुलाई तुरुन्तै जहाज पठाएर नेपाल ल्याउने प्रबन्ध गर्न पनि माग गरेका छन् । इजरायलको युद्धमा फसेका नागरिकलाई उद्धारमा ढिलाइ गर्न नहुनेमा दलहरुको जोड छ । सरकारले इजरायलमा नेपालीहरु मारिने गरी भएको घटनाबारे छलफल गर्न सोमबार आयोजना गरेको सर्वदलीय बैठकमा सरकारले मन्त्रिपरिषदबाट भएका निर्णय र सरकारी प्रयासहरुबारे जानकारी गराएका थिए ।

कांग्रेस संसदीय दलका प्रमुख सचेतक राष्ट्रिय पीडाको अवस्थामा जताततै त्रासको अवस्था रहेको भन्दै अब अगाडि कसरी बढ्ने भन्नेबारे छलफल भएको जानकारी दिए ।

'जोखिममा रहेका नेपालीलाई सुरक्षित स्थानमा राख्न पहल कदमी लिन सरकारलाई अनुरोध भएको छ, मृत्युवरण गरेकाहहरुको शव यथाशक्य छिटो नेपाल झिकाएर परिवारजनलाई बुझाउन पनि सरकारलाई दलहरुले ध्यानाकर्षण गराएका छन्' लेखकले भने, 'इजरालयमा थप हुनसक्ने घटनालाई ध्यानमा राखेर त्यहाँको सरकारसँग कुटनीतिक पहलमार्फत सुरक्षाका विषय सुनिश्चित गर्न पनि सरकारलाई सुझाव दिइएको छ ।' फर्किन चाहनेको नामावली छिटो संकलन गरेर फर्काउनुपर्ने उनले बताए ।

नेकपा माओवादीका सचेतक हितराज पाण्डले सर्वदलीय बैठकले १० जना नेपालीको निधन हुने गरी भएको इजरायलका घटनामा सबै देश र पार्टी एकै ठाउँमा छ छन् भन्ने सन्देश दिएको बताए । इजरायलको गाजापट्टीमा हमासले गत शनिवार आक्रमण गरेको हो । अत्याधुनिक हतियार र बख्तरबन्ध गाडीले सुसज्जित हमास लडाकुले इजरायलमा आक्रमण गर्दा नेपालीहरु पनि परेका हुन् ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुका अनुसार सन् २०२१ मा पनि इजरायल र हमासबीच लडाइँ भएको थियो । त्यतिबेला पनि सयौंको मृत्यु भएको थियो । उक्त लडाइँलाई सन् २०१४ यताकै सबैभन्दा गम्भीर किसिमको भनिएको थियो । तर यसपटक अझ ठुलो आक्रमण भएको बताइएको छ ।

यस्तै, सरकारले नेपाली मृतकहरुको शव यथाशीघ्र नेपाल ल्याउन पहल अगाडि बढाएको छ । मृतकका परिवारलाई राहतस्वरुप १० लाख रुपैयाँ दिने निर्णय भएको छ । उक्त रकम अर्थ मन्त्रालयले गृहमार्फत निकासा गर्नेछ ।

## नेपाल...

श्रम समझदारी गरेको थियो । नेपालले कतार तथा यूएईसहित खाडीका मुलुक र मलेसियासँग भएको श्रम समझदारीभन्दा रोमानियासँगको श्रम समझदारी फरक शैलीमा गरेको मन्त्रालयको भनाइ छ । रोमानिया र जर्मनीसँगका श्रम समझदारीमा नेपाली कामदारको सामाजिक सुरक्षा, तलबलगायतका सुविधामा स्थानीय कामदार सरहको सुरक्षा प्रदान गरिएको छ ।

नेपालले जर्मनीसँग प्रशिक्षार्थी श्रमिक लैजान श्रम समझदारी गर्न लागेको हो । श्रम समझदारी भएपनि जर्मनीको कुन क्षेत्रमा कति नेपाली कामदार जाने भन्ने विषय टुंगिएको छैन ।

जर्मनीको एक प्रमुख अनुसन्धान संस्थाले मुलुकको राष्ट्रिय अर्थतन्त्रलाई समृद्धि र जर्मन कल्याण प्रणाली सुरक्षित गर्न प्रत्येक वर्ष ४ लाख आप्रवासी कामदार चाहिने बताएको छ । जर्मनीले अहिले दक्ष कामदार अभावको सामना गरिरहेको छ । युरोपेली देशहरूले जनसंख्या घटेको र बुढ्यौली बढेका कारण उपयुक्त योग्य उम्मेद्वारहरूको अभाव भएको बताएका छन् ।

सोही कारणले, जर्मन सरकारले तेस्रो देशका नागरिकहरूलाई जर्मनीमा काम गर्न सजिलो बनाउन आफ्नो अध्यागमन नियमहरू परिमार्जन गरी धेरै भिसा र आवागमन प्रक्रिया सरल पारेको छ । जर्मनीमा काम गर्न खोज्ने विदेशी कामदारहरूले कुनै पनि पेशामा योग्य र दक्ष भएमा सजिलोसँग वर्क पर्मिट प्राप्त गर्ने बताइएको छ ।

## नेल्सन...

नवनिर्वाचित उपाध्यक्ष जवारद्विन मिया 'मुन्ना'लाई सामाखुसी क्षेत्रमा क्रियाशील वैदेशिक रोजगार व्यवसायीहरूले सम्मान गरेका छन् ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका पूर्व कोषाध्यक्षसमेत रहेका व्यवसायी ढुंगेल तथा अर्का व्यवसायी मियालाई सोमबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वद्वितीय उपाध्यक्ष भुवनसिंह गुरूङको संयोजकत्वमा एक कार्यक्रमको आयोजना गरी सम्मान गरिएको हो ।

'एनआरआई वेलफेयर अफ इन्डिया'ले गरेको सर्वेक्षणका आधारमा नेपालबाट व्यवसायी ढुंगेल नेल्सन मण्डेला अवार्डका लागि छनोट भएका हुन् । सेप्टेम्बर २७ मा बेलायतको राजधानी लण्डनमा भएको 'ग्लोबल पिस समिट'मार्फत ढुंगेललाई सो अवार्डबाट सम्मान गरिएको हो ।

सम्मानित व्यवसायी ढुंगेलले विश्वव्यापी महामारी कोभिडको समयमा निःस्वार्थ सेवा भावले नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, नेपाल प्रहरी अस्पताललगायतलाई स्वास्थ्य उपकरण प्रदान गरेको तथा विपन्न र अशक्त अवस्थामा रहेकाहरूलाई खाना तथा अन्य अत्यावश्यक सेवा प्रदान गरेका कारण 'एनआरआई वेलफेयर अफ इन्डिया'ले सम्मानित गरेको भन्दै सम्मानले आफूलाई निरन्तर समाजसेवाको कार्यमा लाग्न प्रेरणा मिलेको बताए ।

कार्यक्रमका संयोजक गुरूङले व्यवसायी ढुंगेलले बेरोजगार युवायुवतीलाई विदेशमा रोजगारी उपलब्ध गराउनुका साथै समाजसेवा गरेर सामाजिक उत्तरदायित्वको जिम्मेवारी पूरा गरी अन्य व्यवसायीका लागि नमुनायोग्य कार्य गरेको बताए ।

कार्यक्रममा व्यवसायी तथा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य सीता देवकोटा, वरिष्ठ व्यवसायी दानबहादुर बुढाथोकी, विनोदजंग केसी, मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठलगायतले नेल्सन मण्डेला लिडरसिप अवार्ड प्राप्त गरेकोमा बधाई ज्ञापन गर्दै अर्का व्यवसायी मिया नेपाल मुस्लिम संघको केन्द्रीय उपाध्यक्षजस्तो गरिमामय पद र जिम्मेवारीमा निर्वाचित भएकोमा कार्यकाल सफलताको शुभकामना व्यक्त गरे ।

## सडकमा...

स्थानीय तह कर्मचारी संघर्ष केन्द्रीय तदर्थ समितिले संघीय निजामती सेवा ऐनमा स्थानीय तहमा कार्यरत कर्मचारीहरूका मागहरू समावेश गरी तत्काल ऐन जारी गर्ने मागसहित प्रदर्शन गरिरहेको छ ।

समितिले ९ दिनदेखि दबाबमूलक कार्यक्रम गर्नुका साथै ७५३ वटै स्थानीय तहमा अत्यावश्यकभन्दा बाहेकका सबै कामकाज बन्द गर्ने र काठमाडौं आउन नसक्ने कर्मचारीहरूले स्थानीय तहमै विरोधको कार्यक्रम गर्दै आइरहेको छन् ।

स्थानीय तहका कर्मचारी आन्दोलित हुँदा दैनिक सेवा प्रवाहमा असर देखिन थालेको छ । सरकारी सेवा लिनुपर्ने पहिलो खुट्किलोको रूपमा रहेको स्थानीय तहमै कर्मचारी आन्दोलित हुँदा घटना दर्ता, सिफारिसदेखि प्रशासनिक कामहरू प्रभावित भएका छन् ।

कर्मचारीको आन्दोलनले दैनिक सेवा प्रवाहमा असर देखिन थालेको नेपाली नगरपालिका संघका अध्यक्ष भीम ढुंगानाले बताए ।

गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले पनि स्थानीय तहमा कर्मचारी आन्दोलित हुँदा जनताले समस्या भोग्नुपरेको बताइन् । 'गाउँपालिकाहरूमा समस्या देखिन थालिसकेको छ । विकट गाउँबाट सेवा लिन आउने जनताले कर्मचारी नभेट्दा पूरै दिन खेर जान्छ ।' उनले भनिन् । सरकार आन्दोलनप्रति जिम्मेवार नभए सेवाप्रवाह ठप्प हुने अवस्था रहेको पाण्डेले बताउँछिन् । संघीय सरकारले निजामती ऐन बनाउँदा सम्बन्धित पक्षसँग छलफल नगरेकाले यस्तो समस्या आएको उनको भनाइ छ ।

# काठमाडौं महानगरपालिकाले निःशुल्क रगत उपलब्ध गराउने

**काठमाडौं/मस–**काठमाडौं महानगरपालिकाले नगरवासीलाई निःशुल्क रगत उपलब्ध गराउन नेपाल रेडक्रस सोसाइटीसँग सम्झौता गरेको छ ।

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह र उपप्रमुख सुनिता डङ्गोलको रोहवरमा सोमबार कामपाका तर्फबाट स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेल र नेपाल रेडक्रस सोसाइटीका तर्फबाट उपमहामन्त्री मनोजकुमार थापाले सो सम्झौता पत्रमा हस्ताक्षर गरे । यसअघि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन भइसकेको उल्लेख गर्दै प्रमुख साहले स्वास्थ्य सेवालाई सहज र पहुँचयुक्त बनाउन रगत तथा रक्ततत्व निःशुल्क उपलब्ध गराउन सम्झौता गरिएको बताए । उपप्रमुख सुनिता डङ्गोलले अब रगतका लागि सहज हुने बताइन् । कामपाका जनस्वास्थ्य विभाग प्रमुख पौडेलका अनुसार,



उपलब्ध गराइने रगतको व्यवस्थापनका लागि रक्त सञ्चार सेवालाई रकम उपलब्ध गराइनेछ । यसका लागि प्रति युनिट रु एक हजार ६० र क्रस म्याच गराउनु परे थप रु.दुई सय उपलब्ध गराइनेछ ।

सम्झौताअनुसार महानगरका वडाबाट रक्तदान कार्यक्रम आयोजना र अन्य रक्तदानका कार्यक्रममा खाजावापत प्रत्येक रक्तदातालाई रु.दुई सय उपलब्ध गराइने छ । रेडक्रस सोसाइटीका अध्यक्ष सुदर्शनप्रसाद नेपालका अनुसार सम्झौता बमोजिम कामपाले पहिलो चरणमा रु. तीन लाख उपलब्ध गराउनेछ । सेवा लिनका लागि कामपाको स्थायी बासिन्दा भएको प्रमाण पेश गर्नुपर्नेछ । नागरिकता, मतदाता परिचयपत्र, बसाइसराइको प्रमाणपत्र, जन्म दर्ता, विवाह दर्ता प्रमाणपत्रमध्ये कुनै एउटा पेश गर्नुपर्ने छ ।

# कर्णाली प्रदेश निजामती सेवा विधेयक पारित

**कर्णाली/मस–**'कर्णाली प्रदेश निजामती सेवा गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको छ ।

कर्णाली प्रदेशसभाको सोमबारको बैठकले उक्त विधेयक सर्वसम्मतिले पारित गरेको हो । बैठकमा आन्तरिक मामिला तथा कानूनमन्त्री कृष्णबहादुर जिसीले विधेयक प्रस्तुत गरेका थिए । पारित विधेयक ऐनका रुपमा कार्यान्वयनमा आएपछि कर्णाली प्रदेश निजामती सेवाको



गठन, सेवामा रहने तह तथा पदको व्यवस्था, दरबन्दी सृजना, माग, पदपूर्ति, सेवा सुविधा, सरुवा, बढुवा, क्षमता अभिवृद्धि, वृत्तिविकास कानुनी रुपमा सुनिश्चित हुनेछ ।

प्रदेशको प्रशासन सञ्चालन गर्न प्रदेश निजामती सेवाको गठन, सञ्चालन, सेवाका सर्त तथा निजामती कर्मचारीको व्यवस्थापनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले केन्द्रीय निकायको रुपमा काम गर्ने पारित ऐनमा व्यवस्था गरिएको छ ।


KUWAIT मा रोजगार | कम्पनी:TANZIFCO COMPANY WLL
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६९२६ LT. No.: 281472 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रु. | | | | | | | |
| 1. | Cleaner/helper (Indoor) | 6 | 4 | स. काममा दक्ष | 85 | ३६,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

MALAYSIA मा रोजगार
कम्पनी: NUTRIVO DAIRY INDUSTRY (M) SDN.BHD.
शहर: Malaysia, Melaka

पूर्व स्वीकृत मितिः २०८०/०३/३१ चलानी नं.: ६०२०४७६९ LT. No.: 289460

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रु. | | | | | | | |
| 1. | Factory worker | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ३० गते (17 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कुवेतको रु. १०,०००/- मलेसियाको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com



Karnali Province Government
Ministry of Social Development
**Province Health Logistics Management Center**
Birendranagar, Surkhet

**Addendum No. 1**

**Date of Issue: 9 October, 2023, 18:00**
**Contract Identification No: PHLMC/KP/W/NCB-1/080/081**

As per decision following amendments are done on the bid document.:

| Section/Clause No. | Existing | Amended as | Remarks |
|---|---|---|---|
| SBD's Section V (SR.3 Technical Specification) | **8. Dextrose Injection 5%** | **8. Dextrose Injection 25%** | Dextrose 25% instead of Dextrose 5%. |
| SBD's Section V (SR.3 Technical Specification) | | **1. Diazepam injection 5mg/ml, 2ml,** **2. Phenobarbital Injection 100mg/ml,** **3. Ceftriaxone Injection 250 mg,** **4. Pralidoxime sodium Injection 500mg/20ml.** | Addition of specification of 4 Items which was missing in initial SBD. |

Other remains same.

**Director**

# ‘बालसुधार गृहको पूर्वाधार र व्यवस्थापन दयनीय’

**काठमाडौं/मस–** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्यले मुलुकका विभिन्न भागमा सञ्चालनमा रहेका बालसुधार गृहको भौतिक पूर्वाधार र व्यवस्थापनको अवस्था अत्यन्त दयनीय रहेको बताएका छन् ।

प्रतिनिधिसभा अन्तर्गतको महिला तथा सामाजिक मामिला समितिको सोमबारको बैठकमा मन्त्री आचार्यले राज्यको सीमित स्रोत र साधनले बालगृहको सहज व्यवस्थापनमा चुनौती खडा भएको उल्लेख गरे । मन्त्री आचार्यले भने, ‘बालगृहको अवस्था उकुसमुकुस र दयनीय छ, साधन र स्रोत सीमित छ, राज्य गम्भीर भएर सोच्नुपर्ने अवस्था छ ।’ विगतमा गरेको गल्ती महशुस गर्दै सुधारको बाटोबाट लैजाने र असल नागरिक निर्माण गर्ने हेतुले सञ्चालन गरिएका बालसुधार गृहमा भौतिक पूर्वाधार र व्यवस्थापन चुस्त हुन नसक्दा बालबालिका एउटै खाटमा बस्ने, सुत्ने र खेल्नुपर्ने अवस्था देखिएको उनको भनाइ छ । बालसुधार गृहको अवस्थाले सबैलाई लज्जाबोध सिर्जना गरेको बताउँदै मन्त्री आचार्यले न्यूनतम पूर्वाधारको अभावमा त्यहाँ रहेका बालबालिका शौचालय जानसमेत लाइन बस्ने बाध्यात्मक परिस्थिति रहेको जानकारी दिए । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव



सुमनराज अर्यालले मुलुकका आठ स्थानमा सञ्चालनमा रहेका सुधार गृहको कमजोर भौतिक पूर्वाधारका कारण क्षमताभन्दा दोब्बर बढी सङ्ख्यामा बालबालिका राख्न बाध्य भएको बताए । उनले युसेफ नामक गैरसरकारी संस्थाको सञ्चालनमा भक्तपुर, मोरङ, कास्की र बाँके र सरकारी स्वामित्वमा डोटी, पर्सा, मकवानपुर र रुपन्देहीमा सुधार गृह सञ्चालन भइरहेको बताए ।

गैरसरकारी संस्थाको सञ्चालनमा रहेका सुधार गृहको क्षमता तीन ४० रहेकामा हाल सात सय ९९ जना राखिएको छ भने सरकारी व्यवस्थापनमा सञ्चालनमा रहेका सुधारगृहको क्षमता एक सय ६५ रहेकामा हाल तीन सय ४४ बालबालिका छन् । बालगृहमा एक सय ४१ जना १८ वर्ष उमेर नाघेका नागरिक छन् । बालबालिकाको क्षेत्रमा लामो समयदेखि कार्यरत गैरसरकारी संस्था सिविन नेपालका प्रतिनिधि सागर भण्डारीले बालसुधार गृह भनिए पनि त्यहाँ भौतिक पूर्वाधार, बसोबास र खानपिनको अवस्था निकै कमजोर र चुनौतीपूर्ण रहेको बताए । बैठकमा सदस्यहरुले सुधार गृहको व्यवस्थापन कमजोर रहेका कारण बस्ने र खाना खाने स्थान निकै साँघुरो एवं सरसफाइका दृष्टिकोणबाट समेत चुनौतीपूर्ण देखिएकाले तत्काल सुधारका कदम चाल्न सरकारलाई सुझाव दिएका थिए । समितिले केही समय अघि बालसुधार गृहमा भएको तोडफोड र झडपको घटनापछि अनुगमन गरी छलफलका लागि मन्त्रालयका पदाधिकारीलाई आमन्त्रण गरेको हो ।

# दुईवटा विधेयक सर्वसम्मतले पारित

**मकवानपुर/मस–** बागमती प्रदेशसभाको बैठकले दुईवटा विधेयक सर्वसम्मतिले पारित गरेको छ । बैठकले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको हो ।

बैठकमा आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र संस्कृति, पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जनले सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई पारित गरियोस् भनी प्रस्ताव गरेका थिए ।

बैठकमा उद्योग, पर्यटन तथा वातावरण समितिका ज्येष्ठ सदस्य याङ्िला शेर्पाले प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकउपर समितिले गरेको निर्णयको प्रतिवेदन पेस गरेकी थिइन् ।

बैठकमा विशेष समय मागेर नेकपा (एमाले) संसदीय दलका सचेतक मधुसूदनप्रसाद पौडेल, राप्रपा संसदीय दलका नेता उद्धव थापा र नेमकिपा संसदीय दलका नेता सुरेन्द्रप्रसाद गोरसाइँले इजरायलमा भएको आतङ्कवादी आक्रमणमा ज्यान गुमाएका १० जना नेपाली विद्यार्थीप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभयो । उहाँहरुले त्यहाँ रहेका विद्यार्थीहरुलाई तत्काल स्वदेश फर्काउन प्रदेश सरकारमार्फत सङ्घीय सरकारको ध्यानाकर्षण गराएका थिए ।

# साइकल संस्कृति बढाउन सातै प्रदेशमा अभियान

**काठमाडौं/मस–** मुठ्ठीदानमार्फत् ‘नेपालमा साइकल कानून’ निर्माण र ‘साइकल संस्कृति अभियान’लाई सघाउन ‘चित्रकलामा साइकल संस्कृति’ कार्यशाला काठमाडौंमा सम्पन्न भएको छ । वातावरणीय न्यायको सशक्त माध्यमका रुपमा साइकल संस्कृति स्वीकार गरेर विश्व साइकल दिवस घोषणासहित संयुक्त राष्ट्रसंघले दीगो विकासको लक्ष्य तय गरेको छ ।



यस वर्षको विश्व पर्यटन दिवस ‘ग्रीन इन्भेष्टमेन्ट’ नारामा केन्द्रित थियो । यसै सन्दर्भमा ‘साइकल कल्चर कम्युनिटी’ले मुठ्ठीदान मार्फत ‘चित्रकलामा साइकल संस्कृति’ विषयक कार्यशाला शनिवार सम्पन्न गरेको हो ।

‘साइकल कल्चर कम्युनिटी’का संयोजक तारालाल श्रेष्ठले दिनु भएको जानकारी अनुसार महिला साइक्लिष्टको नेतृत्वमा ललितपुरबाट शुरु गरिएको साइकल राइड नेपाल पर्यटन बोर्डमा पुगेर कार्यशालाको उद्घाटन गरिएको थियो । कार्यक्रममा नेपालका ख्यातिप्राप्त साइक्लिष्ट अजय पण्डित क्षेत्री, उषा खनाल र सुरज रानालाई अन्तर्राष्ट्रिय जगतमा नेपाललाई साइकल खेलकूदमार्फत चिनाएकोमा ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वकूलपतिहरु किरण मानन्धर, रागिनी उपाध्याय र के.के. कर्माचार्यले खादा ओढाएर सम्मान गर्नु भएको थियो ।

त्यसैगरी महिला साइक्लिष्ट सिकाईका अगुवा लक्ष्मी श्रेष्ठ र उर्मिला शाक्यलाई महिला साइक्लिष्टहरु वृद्धि गर्न योगदान दिएकोमा वरिष्ठ कलाकारबाट सम्मान गरिएको थियो ।

प्राध्यापक अभि सुवेदीको उत्प्रेणात्मक मन्तव्य सहित क्यानभासमा स्थापित साइक्लिष्टको संलग्नतामा वरिष्ठ कलाकार तथा सहभागीहरुद्वारा संयुक्त रुपमा चित्रकला कार्यशालाको समुद्घाटन गरिएको थियो । सम्मानित साइक्लिष्टसहित पूर्वकूलपतिहरु तथा प्राध्यापक सुवेदीले संयुक्त रुपमा पानसमा बत्ती बालेर क्यानभासमा सबैले रंगहरु भर्दै सामूहिक चित्राकृति बनाएर बनाएका थिए । नेपाल पर्यटन बोर्डको कोर्टयार्डमा सम्पन्न उक्त खुल्ला चित्रकला कार्यशालामा एक जना कलाकारले दुईवटा क्यानभासमा चित्रकृति तयार पार्ने उद्देश्य रहेकोमा कार्यशालामा ३६ वटा चित्रकृति तयार गरिएको संयोजक श्रेष्ठले जानकारी दिए ।

सुप्रसिद्ध चित्रकार शशी विक्रम शाहले घरबाटै चित्रकृति बनाई कार्यशालामा पठाएका थिए भने अन्य वरिष्ठ कलाकारहरुले चित्राकृति घरमै बसेर पनि पूरा गर्ने काम भइरहेको छ । ३३ जना कलाकारहरु सहभागिता रहेको सो कार्यशालामा पूर्णता दिन नसकिएका केही कलाकृतिहरु कलाकारहरुले घरमै लगेर पूर्णता दिने काम भइरहेको छ ।

ती सबै कलाकृतिहरु संकलन गरेर क्याटलग प्रकाशनसहित आसन्न वडा दशैंको लगत्तै नेपाल कला परिषद्मा प्रदर्शनी गरिने लक्ष्य रहेको संयोजक तारालाल श्रेष्ठले जानकारी दिए । साँस्कृतिक महत्वका सम्पदा क्षेत्रमा आमभेला तथा अन्तरक्रियासहित सात वटै प्रदेशमा नेपालमा साइकल कानुन र साइकल संस्कृति अभियान अघि बढाउने आयोजक संस्थाले लक्ष्य लिएको छ । यस कार्यबाट साइकल संस्कृति अभियानलाई कलात्मक किसिमले वौद्धिक जगतसँग जोड्ने प्रयास भएकोमा अतिथिहरुले प्रशंसा गरेका थिए । वरिष्ठ कलाकार, साहित्यकार तथा अभियन्ताहरुले आगामी दिनमा पनि यस किसिमका कलात्मक अभियानमा योगदान गर्ने प्रतिवद्धता जनाएका छन् ।

**एनआरएनए निर्वाचन**

# युवा संयोजकमा पोर्चुगलबाट रबिन अधिकारीले उम्मेदवारी दिने

**मध्यान्ह संवाददाता**
लिस्बन, २२ असोज



गैर आवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्को युवा संयोजकमा युरोपेली मुलुक पोर्चुगलबाट रबिन अधिकारीले उम्मेदवारी दिने भएका छन् ।

गैर आवासीय नेपाली संघ पोर्चुगलका निवर्तमान अध्यक्ष समेत रहेका अधिकारीले आगामी (२०२३-०२५) कार्यकालका लागि युवा संयोजकमा उम्मेदवारी दिने भएका हुन् । यही अक्टोबर १७ बाट काठमाडौंमा शुरु हुने ११ औं महाधिवेशनमा ‘सबल एनआरएनए आजको आवश्यकता, युवा र नयाँ पुस्ताको बृहत् सहभागिता’ भन्ने मुल नाराका साथ अधिकारीले युवा संयोजकमा उम्मेदवारी दिने घोषणा गरेका हुन् । उम्मेदवारी घोषणासँगै अधिकारीले आफूले गर्ने काम र योजनासहित सात बुँदे प्रतिबद्धता समेत सार्वजनिक गरेका छन् ।

संघमा युवा र नयाँ पुस्ताको व्यापक सहभागिता बढाउने विशेष योजना र कार्यक्रमका साथ युवा संयोजकमा उम्मेदवारी दिने तयारी गरेको अधिकारीले बताए । एनआरएनए पोर्चुगलको नेतृत्व गरेको अनुभवका साथै संघको विभिन्न तह र तप्कामा रहेर काम गरेको अनुभवका आधारमा संघलाई थप गतिशील र सशक्त बनाउने सोंच र परिकल्पनाका साथ आफू युवा संयोजक पदमा साझा उम्मेदवारका रुपमा प्रस्तुत भएको उनले बताए ।

‘धेरै राष्ट्रका एनआरएनए अभियन्ताहरुको साथ, सहयोग र समर्थन पाएकै कारण ठोस योजना र कार्यक्रमका साथ मैले युवा संयोजकमा उम्मेदवारी दिने निर्णय गरेको हुँ,’ अधिकारीले भने ।’

संघका पूर्व आइसीसी सदस्य समेत रहेका अधिकारी विगत लामो समयदेखि एनआरएनए अभियानमा क्रियाशील रहँदै आएका छन् । संघको विभिन्न तह र तप्कामा रहेर नेतृत्वदायी भूमिका निर्वाह गरिसकेका अधिकारीले सांगठनिक अनुभव समेत बटुलीसकेका छन् । गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् बेल्जियमको (२०११-०१३) कार्यसमिति सदस्यका रुपमा काम गरिसकेका उनी युवा माझ लोकप्रिय छन् ।

अध्ययनको सिलसिलामा सन् २००९ मा बेलायत आएका उनी बेल्जियम हुँदै पछिल्लो समय पोर्चुगलमा रहेर संघमार्फत् सामाजिक गतिविधिमा सकृय रहँदै आएका छन् । सन् २०१३ देखि पोर्चुगल बस्दै आएका अधिकारी सफल र स्थापित नेपाली व्यवसायीका रुपमा समेत परिचित छन् ।

‘म विगत १४ वर्ष देखि एनआरएन अभियानमा निरन्तर क्रियाशील रहँदै आएको छु । संघमा मेरो लामो अनुभव, क्रियाशीलता र योगदान छ ।’ रोजागारीका लागि विदेशिएका लाखौं युवाको पक्षमा काम गर्ने र संघमा युवा पुस्ताको सहभागीता बढाउने संकल्पका साथ म चुनावी मैदानमा होमिएको हो,’ अधिकारीले भने ।

विदेशमा रहेका नयाँ पुस्तालाई नेपाल र नेपालीपनसँग जोड्नका लागि नेपाली भाषा, कला, संस्कृतिको प्रवर्द्धन र जगेर्नाका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने, विश्वभर छरिएर रहेका युवाहरुलाई खेलकुदको माध्यमबाट जोड्दै उनीहरुलाई प्रोत्साहित गर्नका लागि एनआरएन युवा खेलकुद कोषको स्थापना गर्ने, आइसीसी र एनसीसीको बीचमा आवश्यक समन्वय गरी आपसी सहयोग अभिवृद्धि गर्ने, विभिन्न मुलुकमा समस्यामा परेका युवाहरुको समस्या समाधानका लागि आवश्यक पहल र प्रयन्त गर्ने लगायतका योजना तथा कार्यक्रमहरु उनले अगाडि सारेका छन् । साथै पोर्चुगलमा दूतावास स्थापनाका लागि एनआरएन पोर्चुगलको अध्यक्षको हैसियतले विभिन्न माध्यम र निकाय मार्फत् पहल र प्रयत्न गरेको स्मरण गर्दै उनले दूतावास स्थापनाका लागि थप पहल र प्रयत्न गर्ने प्रतिवद्धता समेत जाहेर गरेका छन् ।

विश्वभर छरिएर रहेका युवाहरुसँग समन्वय र सहकार्य गरेर युवाहरूको आवाजलाई केन्द्रसम्म बुलन्द पार्ने उनले बताए ।

‘मेरो उम्मेदवारी मूलतः संघमा थप योगदान गरौँ, मातृभूमिका लागि केही गरौँ र विश्वभर छरिएर रहेका तमाम युवाहरुको आवाजलाई बुलन्द पारौं भन्ने हो,’उनले अगाडि थपे । अधिकारीले युवा संयोजकका लागि आफू नै योग्य उम्मेदवार रहेको समेत बताएका छन् ।

‘मेरो उम्मेदवारी व्यक्तिगत लाभ र स्वार्थका लागि होइन, संघको हित र विशुद्ध सेवाका लागि हो’ अधिकारीले भने,‘संघलाई साझा संस्थाका रुपमा स्थापीत गर्ने योजनाका साथ मैले युवा संयोजकमा उम्मेदवारी दिन लागेको हुँ ।’

संघको विभिन्न तह र तप्कामा रहेर लामो समयदेखि गरेको काम र योगदान नै आफ्नो जितको मुख्य आधार भएको उनको भनाइ छ । युवा संयोजकको उम्मेदवारका रूपमा प्रस्तुत भएका अधिकारीले आफूलाई मतदान गर्न विश्वभरका प्रतिनिधिहरुलाई विशेष आग्रह समेत गरेका छन् । धादिङ बेसीका अधिकारी गैर आवासीय नेपाली संघ पोर्चुगलका पूर्व युवा संयोजक तथा अन्तर्राष्ट्रिय धादिङ समाजका सल्लाहकार समेत हुन् ।


**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभाग**
**(प्रशासन, योजना तथा दर्ता शाखा)**

**दावी विरोध सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **Ayush International Overseas Services Pvt.Ltd. (इ.प.नं. ६८८/०६३/०६४)** ले यस विभाग समक्ष सुनसरी जिल्ला इटहरी उप-महानगरपालिका वडा नं. ०६ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन**भित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०५०/०६/२२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्रपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।



**MALAYSIA मा रोजगार** | कम्पनी : **TAMBUN(PRAWN VILLAGE)RESTAURANT SDN.BHD**
शहर: **PENANG**

पूर्व स्वीकृत मितिः २०७९/०६/२१ | चलानी नं.: ६०१८८६८० | LT. No.:272981 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ३० गते (17 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**PALIV INTERNATIONAL PVT. LTD.**
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४ Email: info.Palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9801070598, 9820112700, 9820112709, URL: www.palivinternational.com



**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय**
**गाई आनुवांशिक स्रोत केन्द, जिरी**

**ईविडींग बोलपत्र तथा दरभाउपत्र आह्वान सम्वन्धि सूचना २०८०/८१**

**(प्रथम पटक पत्रिकामा प्रकाशित मिति २०८०।०६।२३)**

यस केन्द्रका लागि आ.व.२०८०।०८१ मा निम्न अनुसारको निर्माण कार्य गर्नु पर्ने भएकोले इच्छुक फार्म सम्वन्धित कामकोलागी आधिकारीक ईजाजत प्राप्त ब्यावसायीहरुबाट ईबिडिंग बोलपत्र तथा दरभाउपत्र आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि धधध.दयउिबतचब.नयख.लउ वा यस केन्द्रको Website:cgrcjiri.gov.np मा हेर्न सकिनेछ ।

| क्र. सं. | बोलपत्र तथा दरभाउपत्र नं. | विबरण | लागत अनुमान (भ्याट र कन्टेनजेन्सी बाहेक) रकम रु. | बोलपत्र तथा दरभाउपत्र जमानत रकम रु. | बोलपत्र तथा दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | CGRCJIRI/ NCB/ YC/ 02 /2080/81 | दुधालु गाईको गोठ र दुध संकलन गर्ने भवन तर्फको क्षेत्रमा बर्षमा हिलाम्य हुने भएकोले यार्ड ढलान र पुरानो गोठको जिर्ण छाना फेर्ने | १८,३७,१३९।२८ | ५३,७५०।- | ३,०००।- |
| २ | CGRCJIRI/ NCB/ CS/ 03/2080/81 | भुकम्पले क्षतिग्रस्त पुरानो बंगुरको खोर भत्काई नयां खोर निर्माण गर्ने | ३८,४६,०७८।२२ | १,१२,५००।- | ३,०००।- |
| ३ | CGRCJIRI/SQ/ PN/04 /2080/81 | निर्माणाधिन अपुरो स्प्रिडकल सिचाई संरचनामा पाईप संजाल विस्तार | १०,७६,८३४।०० | ३१,५००।- | १,०००।- |





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२३ असोज २०८०, मंगलबार
10 October 2023, Tuesday

## सम्पादकीय

# सतर्कता नअपनाउँदाको संकट

इजरायलमा ज्यान गुमाएका नेपालीहरूका लागि सरकारले राष्ट्रिय शोक घोषणा गरेको छ । शनिबार प्यालेस्टानी अतिवादी समूह हमासको आक्रमणमा परी १० जना नेपाली विद्यार्थीको समेत मृत्यु भएको पुष्टि भएपछि सरकारले राष्ट्रिय शोक घोषणा गरेको हो । हमासको आक्रमणमा परी द्वन्द्वग्रस्त गाजा क्षेत्रमा सात सय बढीले ज्यान गुमाएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जनाएका छन् । त्यसमध्ये १० जना नेपाली युवक परेका हुन् । अरू नेपाली पनि उक्त आक्रमणमा परेको हुनसक्ने अनुमान गरिएको छ । तर हमास क्षेत्रको युद्ध रोकिन नसकेकाले त्यस क्षेत्रमा फसेका नेपालीहरूको उद्धार हुन सकेको छैन । सरकारले उद्धारका लागि सम्पर्क र समन्वयको काम अगाडि बढाएका छन् ।

इजरायलमा रहेका झण्डै पाँच हजार नेपाली मध्ये 'लर्न एण्ड अर्न' कार्यक्रमका लागि नेपालका विभिन्न विश्वविद्यालयबाट गएका विद्यार्थी मध्ये १० जनाको मृत्यु भएको हो । इजरायलमा कृषि विश्वविद्यालयबाट ११९, त्रिभुवन विश्वविद्यालयबाट ९७ र सुदूरपश्चिम विश्वविद्यालय ४९ जना विद्यार्थी थिए । त्यसमध्ये गाजा क्षेत्रमा रहेका नेपाली विद्यार्थीको हमास आक्रमणमा परी मृत्यु भएको हो । गाजा क्षेत्र द्वन्द्वग्रस्त क्षेत्र हो । हमास र इजरायलबीच हुने युद्धका कारणले उक्त क्षेत्र द्वन्द्वग्रस्त रहेकोबारे संसारभर जस्तै नेपालीहरू पनि जानकार थिए । दशकौंदेखि त्यहाँ हमास र इजरायली सेनाबीच युद्ध हुने गरेको समाचार सुनिदै आएको हो । त्यही क्षेत्रमा खटिनेगरी नेपालीहरू पुगेको सन्देश हमासको आकस्मिक आक्रमणपछि थाहा भयो । यसरी द्वन्द्वग्रस्त क्षेत्रमै नेपाली विद्यार्थीलाई कसरी र कुन प्रक्रिया अन्तर्गत गएका थिए भन्नेबारे सरकारी अधिकारीहरूले बोलेका छैनन् । अहिलेको प्रमुख दायित्व उद्धार भएकाले त्यसबारे छलफल नहुनु स्वभाविक हो ।

यद्यपि मुलुकले नै शोक खेप्नुपर्नेगरी नेपाली युवाहरू हमासको आक्रमणमा मारिनुपरेको विषयबारे आवश्यक छलफल पक्कै पनि हुनेछ । सँगै, सरकारले उचित सतर्कता अपनाउन नसकेको पनि यो दुखद् घटनाले देखाएको छ । किनकि यसअघि पनि द्वन्द्वग्रस्त मुलुक र क्षेत्रमा पुगेका नेपालीहरूले ज्यान गुमाउनुपरेको थियो । इराकमा १२ नेपालीको हत्या एक महत्वपूर्ण घटना थियो । युद्धमा फसेको इराकमा अवैधानिक रूपमा पुगेका नेपालीहरूको हत्यापछि मुलुक स्तब्ध र आक्रोशित बनेको थियो । तर त्यसपछि पनि द्वन्द्वग्रस्त क्षेत्रमा नेपाली पठाउने र जाने गरेको तथ्य पटक खुलेको छ । त्यसैले शोक सँगसँगै सरकारले नेपाली कामदार विदेश गइरहँदा उनीहरूको सुरक्षाको ग्यारेन्टीको पहल र प्रतिबद्धता सम्बन्धित देशहरूसँग गर्न आवश्यक छ ।

# परिवर्तनका लागि आन्दोलन

*हामीले हाम्रो भावी पिँढीको भविष्यलाई दिनानुदिन खतरामा पारिरहेका छौं र उनीहरूको भविष्य झन् पछि झन् अनिश्चित र असुरक्षित बन्दै गएको छ । यसरी विश्वको भावी सन्ततिको भविष्यमाथि निरन्तर खेलबाड गर्ने कार्यलाई रोक्नुको विकल्प छैन ।*

अग्रलेख



● लोकनारायण सुवेदी

आज वैध अवैध भ्रष्टाचारले देश र समाजलाई अत्यन्तै खोक्रो पारिरहेको छ । जसले जति लुट्न सक्छ लुट्ने काम भइरहेको छ । यसको तत्काल अन्त्य नितान्तः आवश्यक छ । यसका विरुद्ध सम्पूर्ण जनता उठ्नु पर्छ र लड्नै पर्छ । अनि बेरोजगारी, महँगी, भोकमरीको अन्त्य गर्नु पनि त्यत्तिकै आवश्यक छ । तर भन्न र सुन्नलाई यी कुरा जति सजिलो लाग्छन्, व्यवहारमा खरो उतार्न भने निकै कठिन देखिन्छ । किनभने वर्षौंदेखि हामीले, हाम्रो समाजले यस्ता राम्रा कुरा भन्दै सुन्दै आएको छौं तर, न भ्रष्टाचार घटेको छ न रोजगारी बढेको छ, न भोकमरी र अभाव नै समाप्त भएको छ । यसले के प्रष्ट हुन्छ भने यी समस्यालाई 'व्यापार व्यवसाय' बनाएर सत्तामा पुग्ने र अनि तिनै भ्रष्ट, गलत र अनैतिक प्रकृयालाई चालु राख्ने प्रपञ्च निरन्तर भइरहेको छ र त्यसलाई हामीले स्वीकारी रहेका छौं । समाजका सर्वसाधारण मानिस पनि ती कुरा सुन्न अभ्यस्त भइरहेका छन् । त्यसैले ती विकृतिहरूको अन्त्य व्यवहारमा परिणत भएको देख्न उनीहरूले पाइरहेका छैनन् । अनि यी समस्या निराकरण गर्ने कुनै ठोस, वस्तुगत, प्रभावकारी र व्यवहारिक कदम चालिएको पनि छैन र चालिने ठोस लक्षणहरु पनि अहिलेसम्म देखिएका छैनन् । अल्मल्याउने र जिल्याउने उपक्रमहरू नै चल्ने चलाउने गरिँदै रहेको यत्र तत्र सर्वत्र पाइन्छ ।



यस्तो किन भइरहेको छ भने हामीले परिवर्तनको प्रतिनिधित्व गर्ने राजनीतिक अभ्यास, संस्कार र संस्कृतिको निर्माण गर्न पटक्कै सकेका र गर्न सिकेका छैनौ । त्यसले गर्दा पुरानै, असान्दर्भिक र भ्रष्ट सत्ता शक्तिकै नवीन संस्करण मात्र चलाइरहेका छौं । फलतः जनताले परिवर्तनको बोध त के त्यसको कुनै गन्धसम्म पाउन सकेका छैनन् अनि अनुभूति गर्न त झन बिल्कुलै सकेका छैनन् । राजनीतिमा जतिसुकै ठूलो परिवर्तन भएको मानिए पनि आजको जीवन्त र कटु यथार्थ यही नै हो । सत्य बोल्नेहरुले निकाल्ने एक मात्र निष्कर्ष नै वास्तवमा यही नै हो ।

वास्तवमा यस्तो लाग्छ कि आज हाम्रो देश आन्तरिक र बाह्य दुवै किसिमले भ्रष्टाचारको अभिन्न अङ्ग बनेको छ । जसले गर्दा आज नेपाल र विश्वकै बहुसंख्यक गरीब, निमुखा, असक्त र कमजोर वर्ग तथा समुदायका लागि भने कुपोषण, बिमारी, बेरोजगारी महँगी आदि सबै कुरा यथार्थमा कमजोर आय वर्गका लागि साँच्चै नै ठूलो अभिशाप बनिरहेका छन् । सहश्राब्दी लक्ष्यले पनि यी समस्या समाधानका लागि एक/दुई अपवाद बाहेक कतै कुनै सिन्को भाँचेको देखिँदैन । यसरी

*आज वैध/अवैध भ्रष्टाचारले देश र समाजलाई अत्यन्तै खोक्रो पारिरहेको छ । जसले जति लुट्न सक्छ, लुट्ने काम भइरहेको छ । यसको तत्काल अन्त्य नितान्तः आवश्यक छ । यसका विरुद्ध सम्पूर्ण जनता उठ्नुपर्छ र लड्नैपर्छ ।*

हाम्रो देशलगायत विश्वकै असंख्य अर्थात् अत्याधिक ठूलो बहुसंख्यक जनताको स्थिति नाजुकबाट अझ नाजुकतर बन्दै गएको छ ।

हुन त विश्वमा यतिबेला तेश्रो विश्वयुद्ध टरेको जस्तो देखिन्छ तर, जैबिक, रासायनिक, परमाणविक, आणविक अनेक किसिमका अत्यन्तै घातक र खतरनाक हात हतियारको उत्पादन र वितरण रोकिएको छैन । विश्वमा हतियारको व्यापार सबैभन्दा फाइदाजनक रहेको बताइन्छ । आतंकवाद र प्रतिआतंकवादको जुन माहोल विश्वमा उत्पन्न गरिएको छ र त्यसले मानवताका विरुद्ध उत्पात मच्चाइरहेको छ । जसले गर्दा समेत कुनै पनि बेला कहिँ पनि भयंकर ठूलो युद्ध भड्किन सक्ने र निर्दोष मानिसहरुको जीवन लीला समाप्त हुने भयंकर भयावह र सन्त्रासमय स्थिति विद्यमान छ । अहिले चलिरहेके यूक्रेन युद्ध नाम दिइएको तर, अमेरिकी नेतृत्वको नाटो र रूसबिचको युद्ध पनि यस्तै युद्ध हो । प्यालेस्टाइन र इजरायलबीच पछिल्लो केही दिनयता देखिएको युद्ध पनि अमेरिकाकै चालबाजी हो । जहाँ हातहतियारको बिक्रीको सन्दर्भमा जोडिएको स्पष्ट हुन्छ ।

विश्वको र हाम्रो देशको समेत यस्तो अमान्य र अस्वीकार्य स्थितिले गर्दा हामीले हाम्रो भावी पिँढीको भविष्यलाई दिनानुदिन खतरामा पारिरहेका छौं र उनीहरुको भविष्य झन् पछि झन् अनिश्चित र असुरक्षित बन्दै गएको छ । यसरी विश्वको भावी सन्ततिको भविष्यमाथि निरन्तर खेलबाड भइरहेको छ । फलतः हामीले तिनका लागि सुन्दर, शान्त, प्रदुषणहीन समाज छोडेर जाने स्थिति विकसित हुन पटक्कै सकिरहेको छैन । त्यसैले गर्दा यी शब्दहरुको आजकल अर्थ लाग्न छोडेर निरर्थक बन्ने खतरा व्याप्त छ र सर्वत्र मडारिइरहेको छ ।

विज्ञान र प्रविधिको अपूर्व र उच्चतम् विकासले पृथ्वीबासी हामी मानिसको जीवनलाई जति सहज, शान्त र सुखमय तुल्याउने भूमिका खेल्न सक्छ र सक्नु पर्छ आज त्यसो हुन सकिरहेको छैन । हामी बाँचेको यो २१औं शताब्दी पनि अत्यन्तै चूनौतिपूर्ण र खतरनाक बन्दै गएको छ । विश्व समुदाय आज पनि हुने खाने र हुँदा खाने जस्तो घोर विषमताका बीचबाट गुज्रिरहेको छ । वास्तवमा आज फ्रान्सेली क्रान्ति र महान अक्टोबर समाजवादी क्रान्तिका मानव समाजले विकसित गरेका अभूतपूर्व उपलब्धीहरुलाई निरर्थक साबित गर्न र संसारलाई पुरानै यथास्थितिमा चलाउने अनेक दाउपेच र षडयन्त्रहरुको चक्रब्यूहमा फँसाइएको प्रतीत हुन्छ ।

यस्तो प्रकारको चक्रब्यूहलाई तोड्न र न्याय, समानता र सुनिश्चित भविष्य भावी पिँढीलाई छोड्नका निमित्त आज विश्व मानव समुदाय खासगरी शोषण, अन्याय, थिचोमिचो, दमन र दबावमा परेका अत्याधिक ठूलो जनसमुदाय जागरुप, सचेत, संगठित र संघर्षशील बन्नुको कुनै बिकल्प छैन । जनताले नयाँ खालको आन्दोलनको उठान गर्नैपर्छ, जसले समग्रमा परिवर्तन गरोस् । सबै खालका शोषण, भ्रष्टाचार, बेथितिका जन्जाल तोडुन् । जबसम्म त्यस्तो खालको आन्दोलन हुँदैन तबसम्म परिवर्तनको अपेक्ष ागर्न सकिन्न । सोचौ संसारलाई सुन्दर बनाउन र भाबी पिँढीको भविष्य सुनिश्चित एवम् सुरक्षित तुल्याउन साच्चै गम्भीरुपमा सोचौं !

## सामाजिक सञ्जाल



**- विष्णु ढकाल**

चिन्ता गर्छन् गाउँ खाली भयो, कारण के हो त्यता चर्चा हुँदैन । यूरोप, अमेरिका, अष्ट्रेलियामा गाउँ जीवन्त छन् र आकर्षण बढ्दो छ । त्यहाँ गएर सेवा सुविधा दिनेलाई राज्यले धेरै सहुलियत दिन्छ । यहाँ त गाउँ जाने भनेको सजायँ पाए जस्तो छ । गाउँ भनेको भूगोल मात्र होइन उत्पादन र प्रकृतिसँग रमाउने अवसर पनि हो । तर...



**- सेतेमान तामाङ**

अरुलाई अपमान गरिँदा कुनै बेला आफैंले पनि अपमान व्यहोर्नु पर्छ, अराजकता फैलाउँदा आफैं पनि अराजकताको सिकार हुन पुगिन्छ, असभ्य, गाली गर्दै हिँड्दा आफूले पनि गाली खानुपर्छ । यी सबै कुसंस्कार र असभ्य व्यवहार आफैंले व्यहोर्नु पर्ने वितृष्णा हुन् । अराजकता निर्मुल पारौं, सभ्य/सुसंस्कारको विकासमा लागौं ।



**- भीम रावल**

इजरायलमा १० जना नेपाली मारिएको र केही घाइते भएको सुन्दा धेरै दुःख लागेको छ । नेपालीलाई विदेश पलायन र जोखिममा धकेल्न ठूला जिम्मेवारीमा रहेका नै सक्रिय छन् । तनावग्रस्त गाजा र निकटको इजरायली क्षेत्र जोखिमपूर्ण हुँदाहुदै त्यहाँ नेपालीलाई पठाउन स्वीकृति दिनेले नैतिक जिम्मेवारी लिनुपर्छ ।



**- रामेश कोइराला**

दिक्क लाग्छ, एउटा जीवन बचाउन हामी घण्टौं खप्छौं अनि बन्दुक र सत्ताका व्यापारीले हामीले वर्षभरी बचाएभन्दा धेरै निमेषमै लैजान्छन् । हामीले बाह्र वर्षमा बचाएका बिमारभन्दा माओवादी द्वन्द्वले धेरै जवानको ज्यान लग्यो र अझ उल्टै तिनी महान भए । अब त विदेशिएका नेपालीको जीवन झन् सस्तियो ।

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | लामो यात्रा सफल हुनेछ । आकस्मिक धन लाभको योग छ । |
| वृष | : | अनावश्यक काममा समय खेर जानेछ । रुकावटको योग छ । |
